# बर्दगोरिया गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८३/०१/२८

भाग-२

# बर्दगोरिया गाउँपालिका गौशाला संचालन तथा व्यवस्थापन कार्यविधि,२०८२

कार्यपालिकाबाट पारित मितिः २०८३/०१/०८
प्रमाणीकरण मितिः २०८३/०१/२८
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०१/२८

# बर्दगोरिया गाउँपालिका गौशाला संचालन तथा व्यवस्थापन कार्यविधि,२०८३

**<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः</u> २०८३/०१/०८**

**<u>प्रस्तावनाः</u>** यस बर्दगोरिया गाउँपालिकाक्षेत्र भित्र जथाभावि छाडिने छाडा पशु चौपाया गाईबस्तुहरुले सडक तथा सार्वजनिक क्षेत्रमा गरिरहेको अवरोध, फोहोर तथा कृषि बालिमा पारेको नकारात्मक असर न्यूनिकरण, सडक क्षेत्रमा हुने अवरोध र दुर्घटनालाई न्यूनिकरणका साथै छाडा गाईबस्तुको व्यवस्थापन संरक्षण संवर्द्धन गर्दै व्यवस्थित सहरको परिकल्पना भई गौशाला सञ्चालन गर्न वाञ्छनीय देखिएकाले

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** (१) यो कार्यविधिको नाम **"बर्दगोरिया गाउँपालिका गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि २०८३"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी रापपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"कार्यक्रम"** भन्नाले गाउँपालिका भित्रका छाडा पशु व्यवस्थापनका लागि गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रमलाई सम्झनु पर्छ ।

ख) **"प्रस्तावना"** भन्नाले गाउँपालिकाले कार्यक्रम कार्यान्वयन गर्नका लागि जारी गरेको सार्वजनिक सूचना बमोजिम प्रस्तावकले निर्धारित ढाँचामा तयार गरी पेस गरेको अवधारणा पत्र र आवश्यक कागजात समेतलाई सम्झनु पर्छ ।

ग) **"साझेदार"** भन्नाले गौशाला व्यवस्थापन तथा संचालन कार्यक्रम सञ्चालन गर्नका लागि इच्छुक दफा ३ बमोजिमका निकायलाई सम्झनु पर्छ ।

घ) **"साझेदारी"** भन्नाले कार्यक्रम सञ्चालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदार बिच भएको दुई पक्षीय वा बहुपक्षीय सम्झौतालाई सम्झनु पर्छ

ङ) **"कार्यालय"** भन्नाले **बर्दगोरिया गाउँपालिका**को कार्यालय सम्झनु पर्छ ।

ञ) **"सभा"** भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

छ) "कार्यपालिका" भन्नाले **बर्दगोरिया गाउँपालिका** गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

च) **"समिति"** भन्नाले दफा ११ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

छ) **"आफैले"** भन्नाले गाउँपालिकाले यस कार्यविधि बमोजिमको कार्य आफैले गर्ने भन्ने सम्झनु पर्छ ।

ज) **"गाउँपालिका"** भन्नाले **बर्दगोरिया गाउँपालिका**, कैलाली सम्झनु पर्छ ।

झ) **"कार्यपालिका"** भन्नाले **बर्दगोरिया गाउँपालिका** गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ञ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ट) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ

ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले **बर्दगोरिया गाउँपालिका**को प्रमख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ञ) **"पशु चिकित्सक"** भन्नाले पशु चिकित्सा विषयमा स्नातक उतिर्ण वा **बर्दगोरिया गाउँपालिका** पशु विकास अधिकृतलाई सम्झनु पर्छ ।

ट) **"बजार"** भन्नाले गाउँपालिकाले तोकेको स्थानमा संचालित हाट बजार सम्झनु पर्छ ।

ठ) **"गौशाला"** भन्नाले गाउँपालिकाले तोकेको छाडा गाईबस्तुलाई व्यबस्थित गर्ने स्थान सम्झनु ।

## परिच्छेद-२
## गौशाला व्यवस्थापन समिति

३. **गौशाला व्यवस्थापन समितिः** (१) बर्दगोरिया गाउँपालिका क्षेत्र भित्र रहेको गौशाला व्यबस्थापनको लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय व्यवस्थापन समिति रहनेछ । त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछन ।

| | | |
|---|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | - | संयोजक |
| ख) गौशाल संचालित वडाको वडा अध्यक्ष | - | सदस्य |
| ग) गाउँ कार्यपालिका सदस्यहरु सबै | - | सदस्य |
| घ) गाउँपालिका कार्यरत कृर्षि शाखा प्रमुख | - | सदस्य |
| ङ) पशु सेवा शाखा प्रमुख | - | सदस्य सचिव |

(२) व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार गौशाला व्यवस्थापन समितिको संरक्षक र गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

४. **गौशाला व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) गौशाला व्यवस्थापनका लागि आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने ।

ख) गाउँपालिका भित्र छाडा छाडिएका गाईबस्तुलाई गाउँपालिका क्षेत्र भित्र गौशाला तथा चरन क्षेत्र तोक्ने त्यस्तो क्षेत्र तोक्दा सम्बन्धित सामुदायिक बन उपभोक्ता समुहको समन्वयमा वन कार्यालयको सहमती लिनु पर्नेछ ।

ग) संचालन भएका गौशालाहरुको नियमित अनुगमन गर्ने,

घ) गौशाला व्यवस्थापन तथा पशु कल्याण अभिवृद्धी गर्न कानून मस्यौदा गर्ने।

ङ) वडा स्थित समितिलाई गौशाला व्यवस्थापन तथा कल्याण सम्बन्धी काम गर्न आवश्यक बजेटको व्यवस्था गर्न समन्वय गर्ने,

च) गाईबस्तुको खाना, पानी तथा आहारको व्यवस्थापन गर्ने गराउने ।

छ) छाडा पशु चौपायको उचित व्यवस्थापनको लागि गौशाला निर्माण, पुर्वाधार विकास र साझेदार निकायसंग आवश्यक समन्वय तथा सहकार्य गरी व्यवस्थित गौशाला निर्माणको कार्य गर्ने गराउने ।

ज) प्राविधिक समिति गठन गर्ने, प्राविधिक समितिको सिफारिस कार्यान्वयन गर्न आवश्यक निर्णय गर्ने ।

झ) गाईबस्तु संरक्षण र व्यवस्थापन गर्न प्रदेश सरकार समक्ष कानून सिफारिस गर्ने ।

ञ) पालिका स्तरमा पशुपंक्षीका लागि स्वास्थ्य शिविर तथा पशु कल्याण सम्बन्धी कार्यक्रमहरु आयोजना गर्ने ।

ट) वडा समितिबाट प्रत्येक ६ महिनामा प्राप्त वडा भित्र डुलिरहेका सामुदायिक गाई बाच्छाहरुको तथ्याङ्क विश्लेषण गरी त्यस्ता पशुपंक्षीको व्यवस्थापन तथा कल्याणका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने ।

ठ) गाईबस्तु तथा पशुपंक्षीको वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा संघ सस्था सँग मिलेर कार्य सञ्चालन गर्ने ।

ड) घाईते, बिरामी र बेवारिसे पशुपंक्षीको उद्धार र पुर्नवासका लागि आवश्यक पहल कदमी गर्ने ।

ढ) सामुदायिक वा स्वामित्व विहिन पशुपंक्षीको लागि आश्रय घर स्थापना तथा सञ्चालन गर्ने वा त्यसका लागि पशुपंक्षी कल्याण तथा व्यवस्थापन गर्ने र सो सम्बन्धमा सम्बन्धीत क्षेत्रमा कार्यरत गैर सरकारी सस्थासँग समन्वय गर्ने ।

ण) पशु चौपायको लागि आपतकालिन उपचार कक्षको व्यवस्था गर्ने ।

त) समुदायलाई गाईबस्तुहरु खुला नछाड्न निर्देशन दिने ।

थ) चरन क्षेत्रको व्यवस्थापन गर्ने, गाईबस्तुको लागि आहारको व्वस्थापन गर्ने ।

द) गौशाला संचालनमा आवश्यक सवै प्रकारका जनशक्तिको व्यवस्थापनका लागि सिफारिस गर्ने

५. <u>वडा स्तरीय गौशाला व्यवस्थापन समितिः</u> (१) गाउँपालिकाले प्रत्येक वडामा गाईबस्तुको व्यवस्थापन गर्न देहाय बमोजिमको एक वडा स्तरीय गौशाला व्यवस्थापन समिति रहनेछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्य सबै - सदस्य

ग) सम्बन्धित वडा हेर्ने पशु सेवा प्राबिधिक - सदस्य

घ) वडा सचिव - सदस्य सचिव

६. **<u>वडा स्तरीय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क) वडा भित्रका सम्पूर्ण सडक सार्वजनिक स्थलहरुमा अवरोध गरिरहेका छाडा गाईबस्तुको व्यवस्थापन गर्ने ।

ख) गाईबस्तुहरुको लागि स्वास्थ्य शिविर तथा पशु कल्याण सम्बन्धी कार्यक्रमहरु समुदायमा आयोजना गर्ने ।

ग) समुदाय तथा विद्यालयहरुमा रेविज रोगबाट बच्ने उपाय, कुकुरको टोकाईबाट बच्ने र त्यसको उपचार गर्ने उपायहरुको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

घ) घाईते, बिरामी र बेवारिसे गाईबस्तुको उद्धार र पुर्नवासका लागि आवश्यक पहल कदमी गर्ने ।

ङ) संचालन भएका गौशालामा गाईबस्तुलाई राख्नका लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

च) छाडा गाईबस्तुहरुले सडक सार्वजिनक क्षेत्रमा हुने दुर्घटना न्यूनीकरणका लागि आवश्यक बजेट तथा कार्यक्रम लागु गर्ने ।

छ) आफ्नो वडा भित्रका पशुपालक कृषकका गाईबस्तुहरुलाई व्यवस्थित रुपमा पाल्न प्ररित गर्ने, जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।

ज) गाईबस्तुहरु एक वडाबाट अर्को वडामा गाउँपालिका बाहिर अन्यत्र बिक्रि वितरण वा स्थानान्तरण गर्दा वडा सिमितिको सिफारिस अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

झ) गाउँपालिका क्षेत्र भित्र वेवारिसे रुपमा छोडिएका गाईबस्तुहरुलाई नियन्त्रणमा लिई गाउँपालिकाबाट पालन क्षेत्र गौशाला क्षेत्र भनी तोकीएको क्षेत्रका लिने लैजाने व्यवस्था मिलाउने ।

ञ) यस कार्यबिधि बमोजिम गाउँपालिका स्तरीय गठित गौशाला व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्ने ।

## परिच्छेद-३

## <u>गाईबस्तु धनी, शाखा वा स्वामित्वकर्ताको दायित्व, तथ्याङ्क व्यवस्थापन</u>

७. **गाईबस्तु प्रति सम्बन्धित गाईबस्तु धनीको दायित्वः** गाईबस्तु प्रति सम्बन्धित गाईबस्तु धनीको दायित्व देहाय बमोजिम हुनेछः

क) गाईबस्तुलाई लाग्ने सामान्य रोगव्याधिको लक्षण र रोकथामको बारेमा आवश्यक जानकारी राख्नुपर्ने

ख) गाईबस्तु बिरामी भए दर्तावाला पशु चिकित्सक वा आधिकारिक व्यक्तिको परामर्श बमोजिम उपचारको व्यवस्था मिलाउनु पर्ने

ग) गाईबस्तुलाई सरुवा रोग विरुद्ध लगाउनु पर्ने खोप अनिवार्य रुपमा लगाउने व्यवस्था गर्ने

घ) गाईबस्तुले गरेको हानी नोक्सानीको देवानी दायित्व अन्तर्गत क्षति व्यहोर्नु पर्ने

ङ) गाईबस्तुले गरेको फोहोर र मलमुत्रको सुरक्षित हिसावले बिर्सजन गर्ने

च) आफुले पालेका गाईबस्तुले जन्माएका सन्तानको हेरचाह र व्यवस्थापन गर्ने ।

छ) आफ्नो घरमा पालेका घरपालुवा जनावरको पालन पोषण गर्ने गराउने ।

ज) पशु विमा कार्यक्रममा समावेश हुने गरिनेछ ।

झ) आफुले पालेका गाईबस्तुहरु छाडा छोडन नपाईने ।

८. **गाउँपालिकाको पशु विकास शाखाको दायित्वः** (१) गाउँपालिकाको पशु विकास शाखाले गौशालाहरुको नियमित अनुगमन, अवस्थाको जाँचबुझ, गाईबस्तुहरुका लागि खाना, आहार, पानी तथा औषधीउपचारको प्रबन्ध भए/नभएको अनुगमन गर्नुपर्नेछ।

(२) गौशालामा रहेका गाईबस्तु तथा समग्र गौशालाको संचालनका लागि आवश्यक खानपिन, आहार, औषधीउपचारको प्रबन्ध तथा पुर्वाधार विकास लगायतका कार्यहरु गर्ने/गराउने र आवश्यकताका आधारमा कार्यपालिका वा गाउँसभामा पेश गर्ने ।

(३) गाईबस्तुको आहार, खानपिन तथा औषधीउपचारको पुर्व तयारी र व्यवस्थापन गर्नुपर्नेछ । त्यस्ता वस्तुहरुको अभाव हुन नदिन आवश्यक बजेट व्यवस्थापन तथा खरिदका कार्यहरुहरु शाखा मार्फत सम्पादन गर्नुपर्नेछ ।

(४) गौशालामा रहेका गाईबस्तुहरुको संरक्षण, हित, खानपिन र औषधीउपचारमा संलग्न भई प्रत्यक्ष रुपमा खटिएका कर्मचारी, सरसफाईकर्मी र अन्य संलग्न सरोकारवाहरुलाई आवश्यक निर्देशन दिने र अनुगमन गरी प्रतिवेदन पेश गर्ने दायित्व पशु सेवा शाखाको हुनेछ ।

## परिच्छेद- ४
## कर्मचारी तथा अन्य व्यवस्था

९. **कर्मचारी व्ववस्था सम्बन्धमाः** (१) गौशला संचालन तथा व्यवस्थापनको लागि गाउँपालिकाले आवश्यकता अनुसार गाईबस्तु हेरालु कर्मचारी ज्यालादारीमा नियुक्त गर्न सक्नेछ । साथै कार्यालयले अर्को व्यवस्था नभएसम्म गौशाला रहेको सम्बन्धित वडाको सिफारिसका आधारमा आवश्यकता अनुसार गाईबस्तु हेरालु सहयोगी कर्मचारी छनौट गर्न सक्नेछ । कार्यालयमा कार्यरत कर्मचारीहरुबाट पनि गौशाला संचालनमा आवश्यक सहयोग लिन सकिने र गाईबस्तुको सेवामा खटाउन सकिनेछ । गौशालामा सेवा गरिरहेका जनशक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) गाईबस्तुहरुको हेरालुको सेवा सुबिधा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । निजहरुको अन्य सुविधा सम्झौता अनुसार प्रचलित कानूनको अधिनमा रही प्राप्त गर्नेछन र गौशाललाई आवश्यक बजेट गाउँपालिकाले वार्षिक रुपमा विनियोजन गर्नुपर्नेछ ।

(३) गौशाला संचालनका लागि हेरालु बाहेक अन्य पशु चिकित्सक र कर्मचारीहरुको परिचालन गर्दा गाउँपालिका, वडा कार्यालय र पशु स्वास्थ्य केन्द्र वा क्लिनिकमा कार्यरत कर्मचारीलाई थप जिम्मेवारी दिई वा काजमा राखि कार्य संचालन गर्न सक्नेछ । यदि उक्त जनशक्ति अभाव हुन आएमा गाउँपालिकाले अन्य पशु प्राबिधिक कर्मचारीको ज्यालादारी वा करारमा नियुक्ति गर्न सक्नेछ । त्यसरी विद्यमान जनशक्तिलाई कामकाजमा खटाउँदा कार्यालयले थप सुविधा दिन सक्नेछ ।

(४) गौशाला संचालनका लागि अन्य आवश्यक जनशक्ति र व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(५) गौशाला संचालनका लागि आवश्यक पुर्वाधार, गाईबस्तुको खानपिन, आहार लगायतका व्यवस्थापनका कार्यहरु गाउँपालिकाले गर्नेछ जसका लागि आवश्यक बजेटको बिनियोजन गाउँपालिकाले वार्षिक रुपमा गर्नुपर्नेछ ।

(६) गाउँपालिकाले गौशालाहरुको नियमित व्यवस्थापन तथा संचालन गर्न नसक्ने अवस्था भएमा प्रचलित कानून बमोजिम हुनेगरी सरोकार राख्ने वा त्यस सम्बन्धी कार्य गर्ने संघ, संस्था, कृषक समुह तथा सहकारीसमेतलाई सम्झौता गरी संचालनको जिम्मा दिन सक्नेछ । त्यसरी सम्झौता गरी दिईएका साझेदार निकायसंग आवश्यक समन्वय, सहकार्य, अनुगमन,

निर्देशन, गौशालाको अवस्थासमेतको कार्य सम्पादनको जिम्मेवारी गाउँपालिकाको पशु सेवा शाखाको हुनेछ ।

(७) गौशाला संचालनमा आवश्यक पर्ने आहारा औषधीउपचार पुर्वाधार विकास लगायतका सम्पुर्ण बस्तु तथा सेवाको व्यवस्थापन गर्न पशु सेवा शाखाले आवश्यकताका आधारमा लागत अनुमान तयार कार्यालयमा पेश गर्नुपर्नेछ । कार्यालयको निर्णयका आधारमा पशु सेवा शाखाले व्यवस्थापनको सम्पुर्ण कार्य सम्पादन गर्नेछ ।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन, प्रोत्साहन र संचालन समिति सम्बन्धी व्यवस्था

१०. **आर्थिक व्यवस्थापन र प्रोत्साहन सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारका बिभिन्न निकाय तथा कार्यालयबाट प्राप्त भएको अनुदान रकम ।

(२) स्थानीय संघ संस्था/ व्यक्तिसंग साझेदारी गरी व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ ।

(३) गाउँपालिकाबाट संचालित गौशालाहरुबाट हुने बिभिन्न खालका आम्दानीहरु गौशालामा कार्यरत कर्मचारी र गाईबस्तुहरुको संरक्षण व्यवस्थापन तथा पालन पोषणमा खर्च गर्न सकिनेछ ।

(४) गाईबस्तु पालन पोषण गर्ने कृषकलाई आफुले पालेका गाईबस्तुहरुलाई छाडा नछाड्न प्रोत्साहन कार्यक्रम गाउँपालिकाले संचालन गर्ने छ, त्यसरी छाडा छाडेको पाईएमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

(५) धरै संख्यामा गाईबस्तु पालन पोषण गरिरहेका कृषकहरुलाई औषधी उपचार, पोषण उपकरण, गोठ निर्माण र आहार व्यवस्थनापनमा गाउँपालिकाले अनुदान सहयोग, साझेदारी सहयोगका कार्यक्रमहरु संचालन गर्नेछ।

(६) संचालित गौशालमा रहेका गाईबस्तुका लागि आहार, खाना तथा अन्य व्यवस्थापकीय कार्यमा दान तथा सहयोग गर्ने कृषक तथा सहयोगि निकायलाई अभिलेख व्यवस्थापन गरी आवश्यक प्रोत्साहन तथा सम्मान गर्न सक्नेछ।

११. **संचालन समिति सम्बन्धी व्यवस्थाः** गौशाला तथा छाडा गाईबस्तुहरु व्यवस्थापन गर्ने क्षेत्रमा देहाय बमोजिमको एक संचालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) सम्बन्धित वडाको वडा अध्यक्ष | - | संयोजक |
| ख) सम्बन्धित वडाका वडा सदस्यहरु | - | सदस्य |

ग) सम्बन्धित वडामा रहेका संघ/संस्थाको प्रतिनिधि २ जना - सदस्य

घ) सम्बन्धित वडामा कार्यरत पशुक्षेत्र हेर्ने कर्मचारी - सदस्य

ङ) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

१२. <u>**समितिको काम कर्तव्य र अधिकारः संचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**</u>

क) गौशालामा रहेका छाडा गाईबस्तुहरुको पालन पोषण, खानपिन, औषधीउपचार, संरक्षण र छाडा गाईबस्तुहरुको उचित व्यवस्थापनका सबै कार्यहरु गर्ने/गराउने ।

ख) गौशाला संचालनका संलग्न कर्मचारी तथा अन्य सरोकारवाला निकायको नियमित अनुगन गर्ने, आवश्यक निर्देशन दिने र कार्यसम्पादनको अवस्थाको जानकारी गाउँपालिकालाई गराउने ।

ग) गौशालामा रहेका गाईबस्तुहरुको आहार, खानपिन, औषधीउपचार, संरक्षण र हितका लागि गाउँपालिकासंग आवश्यक बजेट माग गर्ने, उल्लेखित सबै बस्तुहरुको आपुर्ति गर्ने/गराउने र वार्षिक रुपमा हुने अनुमानित खर्चका लागि रकम माग गर्ने ।

घ) गौशालाको नियमित, व्यवस्थित संचालनका लागि आवश्यक सामाग्री, र सोको व्यवस्थापन गर्नुपर्नेछ । जसका लागि गाउँपालिकाको पशु सेवा शाखाले समन्वयात्मक भूमीका निर्वाह गर्नुपर्नेछ ।

ङ) गौशाला संचालनका लागि आवश्यक बस्तुहरुको खरिद गर्दा गाउँपालिकाको नियमानुसार हुनेछ । सोको कार्यसम्पादन पशु सेवा शाखाले गर्नेछ ।

च) गाउँपालिकाले गौशाला संचालनका लागि आवश्यक रकम पेश्की स्वरुप शाखाको प्रतिनिधिलाई दिन सक्नेछ । वा गाउँपालिका मार्फत आवश्यक बस्तु तथा सेवाको आपुर्ति गरी गौशालको व्यवस्थापन तथा संचालनको कार्य गर्नपर्नेछ ।

## परिच्छेद- ६

## <u>आहारा तथा आश्रय स्थल व्यवस्थापन</u>

१३. <u>**आहारा तथा आश्रय स्थल व्यवस्थापनः**</u> (१) गौशालामा भएका गाईबस्तुहरुको व्यवस्थापनका लागि घाँस, आहारा, पोषण, दानापानी, औषधी उपचारको न्यूनतम व्यवस्था गाउँपालिका वा साझेदार निकायले गर्नु पर्नेछ ।

(२) गौशालामा रहेका गाईबस्तुहरुको व्यवस्थापनका लागि अनुसूची-१ बमोजिमको आहारा तथा न्यूनतम व्यवस्था गर्नुपर्नेछ ।

(३) गौशालामा राखिएका गाईबस्तुहरुको न्यूनतम जीवन निर्वाहका लागि आहाराको व्यवस्थापन, स्रोतको व्यवस्थापन लगायतका व्यवस्थापकीय कार्यहरु गाउँपालिका र सहयोगका रुपमा समिति संघ संस्था र निकायबाट व्यवस्था मिलाईनु पर्नेछ ।

(४) गाईबस्तुलाई चरनका लागि सामुदायिक बन, घाँसे मैदान, खुलाक्षेत्रसंग आवश्यक समन्वय गरी चरिचरनको व्यवस्थापन गाउँपालिका, समिति वा साझेदार निकायले गर्नुपर्नेछ । जसको समन्वयात्मक भूमिका गाउँपालिकाको हुनेछ ।

(५) किसान, सहयोगी निकाय वा व्यक्तिसंग हुने नल/पराल/आहार/औषधीउपचार लगायतका वस्तुहरु गौशालामा निशुल्क रुपमा उपलब्ध गराउने कृषक, व्यक्ति तथा संस्थालाई सम्मान, अभिलेख तथा प्रोत्साहन गर्नुपर्नेछ, सोको आवश्यक प्रवन्ध गाउँपालिकाले गर्नेछ ।

(६) गाईबस्तुको आहारा व्यवस्थापन गर्नका लागि घाँस, दाना, पराल तथा घास्यवस्तुहरुको उत्पादन तथा प्रशोधनका लागि आवश्यक मेसिन, उपकरणको व्यवस्था गाउँपालिकाले गर्नेछ सोको समन्वयात्मक भूमिका पशु सेवा शाखाको हुनेछ ।

(७) गर्भवती गाई बाच्छा/बाच्छा आमा वस्नका लागि न्यूनतम अनुसूची-२ बमोजिमको मापडण्डको छुट्टै व्यवस्था गर्नुपर्नेछ ।

(८) गौशालामा रहेका गाईवस्तु तथा अन्यक्षेत्रमा रहेका छाडा गाईवस्तुको सामान्यतया औषधीउपचार, रेखदेख र मृत गाईवस्तुको व्यवस्थापन गाउँपालिकाले गर्नुपर्नेछ, सोको व्यवस्थापनका लागि अन्य दातृ निकाय तथा व्यक्तिसंग सहयोगको अपिल गरी साझेदारीमा समेत यस्ता कार्यहरु गर्नसकिनेछ ।

## परिच्छेद-७

## गौशालाबाट हुने आम्दानीको स्रोत

१४.**गौशालबाट हुने आम्दानीको स्रोतः** (१) गौशालाबाट हुनसक्ने देहायको आम्दानीहरुलाई गाउँपालिकाको आम्दानीको रुपमा लिन सकिनेछ ।

क) गौशालाबाट उत्पादित वस्तुहरु विक्रि गरि प्राप्त हुने रकम ।

ख) पञ्चगव्य विक्रि गरि प्राप्त हुने रकम ।

ग) गोवर मल विक्रि गरि प्राप्त हुने रकम ।

घ) गौशाला संचालनका लागि सहयोगि तथा सरोकारवालाहरुले उपलब्ध गराए वाफत आफुखुसि प्रदान गरिएको रकम ।

ङ) बिभिन्न सहयोगि व्यक्ति/संघ संस्था/कार्यालय/विभाग/मन्त्रालयबाट प्राप्त अनुदान तथा सझेदार वापतको रकम ।

च) दुधबाट बनेका दुध जन्य पदार्थ बिक्रि वितरणबाट प्राप्त आय रकम।

छ) गौ बिक्रि गरि प्राप्त रकम ।

ज) गौमुत्र, गोबर लगायतका चिज बस्तुहरु बिक्रिबाट प्राप्त हुने आय रकम ।

(२) गौशाला क्षेत्रबाट हुने उल्लेखित आम्दानीहरुलाई गाउँपालिकाको आम्दानी मानि पालिकाको विविध खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त रकम गौशाला प्रयोजनमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद- ८

## समन्वय र सहकार्य

**१५. समन्वय र सहकार्यः** (१) गौशाला संचालन तथा व्यवस्थापनका लागि कृषक, नीजिक्षेत्र, व्यवसायी, सहयोगी संघ, संस्था तथा निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्र संचालन भएका गौशालामा गाईबस्तुको संख्या अत्यधिक चाँप भएमा छिमेकी स्थानीय तहसंग समन्वय तथा सहकार्य गरी त्यहाँ भएका गौशालामा समेत गाईबस्तु राख्ने समन्वयात्मक भुमिका गाउँपालिकाले गर्ने छ ।

(३) गाउँपालिकाले छाडा गाईबस्तुले गर्दा भएको चुनौतीको व्यवस्थापनको लागि पुर्वाधार निर्माण, गौशाला संचालन र व्यवस्थापनको कार्यमा अन्य स्थानीय तहसंग समन्वय गरी साझेदारीमा बजेट तथा पुर्वाधार व्यवस्थापन गर्नेछ ।

(४) गाउँपालिका रहेका छाडा पशु चौपाया, गाईवस्तुहरुलाई व्यवस्थित गर्न आवश्यक पर्ने आहार, खाना, घासवस्तु,पानी, औषधीउपचार लगायतको उचित व्यवस्थापनको लागि संघ सरकार, प्रदेश सरकार, सहयोगी निकाय, दातृ संघ संस्था, सरोकारवाला व्यक्ति, साझेदार संस्था लगायतका निकायहरुसंग आवश्यक सहकार्य, समन्वय र सहयोग मार्फत पशुहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद-९

## डण्ड जरिवाना सम्बन्धी व्यवस्था

१६. **डण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका भित्र कुनैपनी व्यक्तिले आफुले पालिरहेको गाईबस्तु छाडा छोड्न पाईने छैन । साथै कसैले अटेर गरी छाडा छोडिएका पशुको व्यवस्थापकीय पक्षमा असहयोग गर्नु हुदैन ।

(२) कुनै पशुधनीले पाल्दै आएका पशुहरु छाडा छोडि सडक सार्वजनिक क्षेत्र र कृषकको बालिनालीमा असर पुग्ने कार्य गरेमा गाउँपालिकाले त्यस्ता पशुधनीबाट पहिलो पटक छाडेमा ५०० रुपैया दोस्रो पटक छाडेमा १००० रुपैया जरिवाना गरिनेछ सो पछिपनी छाड्ने गरेमा पटके पिछे ५०० का दरले जरिवाना असुल गर्न सक्नेछ ।

(३) परम्परागत मुल्य मान्यता धार्मिक तथा साँस्कृतिक कारण देखाई गाईबस्तुलाई शारिरिक रुपमा पीडा हुनेगरी पटक पटक छाडा छाडेमा त्यस्ता पशुधनीलाई गाउँपालिकाबाट दिईने अनुदान लगायतका सुबिधाहरुमा रोक लगाईनेछ ।

(४) जरिवाना असुल गर्ने कार्यमा गाउँपालिका, टोल बिकास संस्था, वडा कार्यालय, समिति, नगर प्रहरी र पशु विकास शाखाले भुमिका खेल्नु पर्नेछ र आवश्यकता अनुसार नेपाल प्रहरी समेतसंग समन्वय गरी सहयोग लिन सकिनेछ ।

(५) जरिवाना वाफत संकलन हुने सबै रकम गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(६) छाडा गाईबस्तु तथा पशु चौपायहरुको व्यवस्थापन र गाउँपालिकाबाट संचालित गौशाला संचालनमा सहयोग गर्नु सबै गाउँपालिका बासिको कर्तब्य हुनेछ ।

## परिच्देत-१०
## विविध

१७.**निर्देशनको पालनाः** गाउँपालिका, व्यवस्थापन समिति, पशु सेवा शाखा वा कानूनले अख्तियारी पाएको निकायले दिएको निर्देशनको पालना गर्नु संचालक वा कर्मचारीको कर्तब्य हुनेछ ।

१८.**प्रचलित कानुन बमोजिम हुनेः** अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषय यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१९.गाईबस्तुको गौमुत्र गोबरको अनुसूची-१ बमोजिमको प्रयोगको प्रभावकारीता हुनेछ ।

२०.गौशालामा रहेका गाईबस्तुको आहाराका लागि अनुसूची-२ मा उल्लेखित आहाराको व्यवस्था हुनेछ ।

२१.सामान्यतया गाईबस्तुहरु राखे गौशालाहरु अनुसूची-३ बमोजिमको मापडण्ड बमोजिम हुनेछन ।

२२.**<u>बाधा अड्काउ फुकाउने र संशोधन</u>**ः यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा गाउँ कार्यपालिकाले प्रचलित कानुनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन तथा संशोधन गर्न सक्नेछ ।

२३.**<u>अनुगमन गर्ने</u>**: यस गाउँपालिकाले यस कार्यबिधि बमोजिमको काम कार्बाही भए भएको अनुगमन गर्नेछ ।

२४.**<u>अनुसूची:</u>** गाउँपालिकाले गौशाला संचालनका लागि आवश्यक अनुसूचिहरु बनाउन सक्नेछ ।

## अनुसूची-१

## परिच्छेद-१० को दफा ३ संग सम्बन्धित

## गाई, गोवर, दुध, दहि, र दुधबाट उत्पादित चिज बस्तुको प्रयोग र महत्व

1 गौ मुत्रले अन्नवालीलाई उत्पादनमा बृद्धिमा सहयोग हुने ।

2 मृत्यू संस्कारमा १३ दिनसम्म गौ मुत्रको पञ्चामृत प्रयोगबाट शुद्ध गर्न सहयोग हुने ।

3 गाईको गोवरले घरको भुई भित्ता लिपपोत गर्दा घर आगन सफा सुगर हुने र यसको गन्धका कारण कमिला अन्य किटाणुहरु नआउने स्वस्थ हुन मद्दत गर्ने ।

4 गाई गोबरको धुप आदि बाल्दा अक्सिजनको बढी मात्र उत्पादन हुने मानव स्वास्थ्यलाई बढी लाभ हुने ।

5 गोबर कम्पोष्ट मलका रुपमा प्रयोग हुने र बालिनाली उत्पादनमा बृद्धि हुने र जमिनको उर्वरा शक्ति बढ्ने ।

6 गोबरबाट गुईठा बनाई आगो बाल्न सकिने ।

7 धार्मिक कार्यहरुमा गाईको गोबरको प्रयोगबाट शुद्ध हुने ।

8 दुध सेवनबाट मानिसको रोग प्रतिरोधात्मक क्षमता बृद्धि हुने र बिभिन्न रोग लाग्नबाट बचाउने ।

## अनुसूची — २

## परिच्छेद-१० को दफा ४ संग सम्बन्धित

## <u>गाईबस्तुलाई बासबस्न गोठमा प्रतिगाईलाई निम्न न्यूनतम मापडण्ड आहाराको व्यवस्था</u>

1. हरियो घाँस २०/३० के.जी. प्रतिदिन ।
2. भुसा/पराल ५ के.जी. प्रतिदिन ।
3. दाना २ देखि ३ के.जी. प्रतिदिन ।
4. पानी १० देखि २५ लिटर प्रतिदिन ।
5. आवश्यक औषधी उपचारको प्रबन्ध आदी ।

## अनुसूची — ३

## परिच्छेद-१० को दफा ५ संग सम्बन्धित

## गाईगोठको न्यूनतम मापडण्ड

1 ९ फिट लम्बाई ९ फिट चौडाई ।

2 टिन/खर/टायलले छाएको हुनुपर्ने ।

3 पानी पिउने प्रबन्ध हुनुपर्ने ।

आज्ञाले
नन्दा कुमारी भट्ट
प्रमुख प्रशासकीय अधिकृत